अनुसूची- १६
(दफा ३३ को उप- दफा (२) सँग सम्बन्धित)

**श्री कुन्टा महिला सामुदायिक वन उपभोक्ता समूह**

**लमही नगरपालिका वडा नं. ९ अमिलिया, दाङ**

## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०२/२०**

श्री कुन्टा महिला सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादित लमही नगरपालिका वडा नं. ९ अमिलिया घाट्गद्दीमा लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना गणतन्त्र राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

**१.वन पैदावारको विवरण**

| वन पैदावारको | | | | | | मूल्याङ्कन (रु.) | |
|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | न्यूनतम | संकलन खर्च |
| १ | साल | गोलिया | ए | २ | २५.४२ | ३१७७५.०० | ३८९७२.७० |
| | साल | गोलिया | बी | १० | ६४.८३ | ५८३४७.०० | |
| | साल | गोलिया | सी | ३२ | ९४.४३ | ५६६५८.०० | |
| | साल | गोलिया | डी | १० | १५.१८ | ४५५४.०० | |
| | जम्मा | | | ५४ | १९९.८६ | १५१३३४.०० | ३८९७२.७० |

२. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति: २०८२/०३/०९ गते ।

३. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति: २०८२/०३/१० (ख) समय १२.०० बजे सम्म ।

४. बोलपत्र साथ कबुल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय वाणिज्य बैंक लमही शाखामा रहेको यस समूहको खाता नं. ४२९०१००००२२०७००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

५. बोलपत्र फारम प्रति लटको रु. १००० पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (देउखुरी), लमहीबाट खरिद तथा दाखिला गर्न सकिनेछ ।

६. लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय भित्र यस कुन्टा महिला सामुदायिक वन उपभोक्ता समूहको लमही न.पा.-९, अमिलियामा रहेको घाट्गद्दी स्थलमा गई हेर्न सकिनेछ ।

७. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (पि.ए.एन.) दर्ता प्रमाणपत्रको प्रतिलिपि बोलपत्र साथ पेश गर्नुपर्नेछ।

८. निर्धारीत न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०३/१० गते यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र साकार गरेको रकम तथा निर्धारित मूल्य अभिबृद्दी कर, सङ्कलन खर्च छुट्टै बुझाइ लिलाममा चढाएको वन पैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

१०. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुवैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

खुमा वली
अध्यक्ष
कुन्टा महिला सा.व.उ.स.